# बहुभाषिक कक्षा र नेपाली भाषा शिक्षणमा शिक्षण सामग्री

**हेरम्वराज वास्तोला**


## लेखसार

*बहुभाषिक कक्षा कस्तो कक्षालाई मानिन्छ र कस्ता शिक्षण सामग्री बहुभाषिक कक्षा शिक्षणमा उपयोगी हुन्छन् ? भन्ने समस्यामा केन्द्रित प्रस्तुत लेखमा विद्यालयका प्रारम्भिक कक्षाहरूमा बहुभाषिकता बारे ध्यान दिनु अपरिहार्य रहेको, नेपालका सामुदायिक विद्यालयहरूमा नेपाली मातृभाषा हुनेहरूका हकमा शिक्षाको पूर्ण माध्यमका रूपमा मातृभाषा सम्भव रहेको र नेपाली भाषा दोस्रो भाषाका रूपमा सिक्ने विद्यार्थीहरूका लागि भने आवश्यकतानुसार मौखिक मात्र भए पनि मातृभाषाको प्रयोग गरी शिक्षण सहजीकरण गरिदिनु पर्ने स्थितिलाई बहुभाषी कक्षाको अर्थमा लिइएको छ । भाषा शिक्षण गर्दा शिक्षणलाई प्रभावकारी बनाउन पाठ्यवस्तु तथा निर्धारित उद्देश्य अनुरूप दृश्य, श्रव्य, श्रव्यदृश्य आदि जस्तासुकै सामग्रीहरू प्रयोगमा ल्याउन सकिए तापनि बहुभाषिक कक्षामा दृश्य सामग्री बढी उपयोगी हुने निष्कर्ष प्रस्तुत गरिएको छ । नेपालका शिक्षा नीतिहरू र तिनमा बहुभाषिकता सम्वोधनको ऐतिहासिकताको समेत चर्चा गरिएको प्रस्तुत लेख पुस्तकीय अध्ययनमा केन्द्रित रहेर द्वितीयक सामग्रीको उपयोग गरी तयार पारिएको छ । गुणात्मक विधिको उपयोग गरी लेखिएको प्रस्तुत अनुसन्धानमूलक लेख बहुभाषिक कक्षा र शिक्षण सामग्रीसम्बन्धि शोध र जिज्ञासा राख्ने अनुसन्धाता, विद्यार्थी तथा पाठक वर्गलाई उपयोगी हुने अपेक्षा गरिएको छ ।*


***मुख्य शव्दहरू :*** बहुभाषिक कक्षा, मातृभाषा, शिक्षण सामग्री, सामाजिक न्याय, समावेशी कक्षा

## विषय प्रवेश

भाषा सिक्नु मानिसको जन्मजात गुण हो । जन्मदा आफ्नो सामु उपलब्ध परिवेशबाट बालकले भाषा प्राप्त गर्दछ । मूलतः सुनाइबाट बालकको भाषा प्राप्ति हुन्छ । आमाको काखमा छँदा स्वभाविक रूपमै आमाले जुन भाषा बोल्छिन्, बालकले सोही भाषा सिक्दछ । आमाको काखमा छँदा आमाले बोलेको सुन्दा अनुकरण प्रयासबाट सिकिने भाषा भएकाले बालकको पहिलो भाषालाई मातृभाषा भनिन्छ । परिवारमा एकभन्दा बढी भाषा बोलिने स्थिति छ भने बालक एकभन्दा बढी भाषालाई पनि मातृभाषाकै स्तरमा सिक्दै हुर्कन सक्दछ । 'कुनै बालक घर परिवार अझ आमा बाबुकै द्विभाषिक वातावरणमा जन्मेको हुर्केको छ । अथवा ऊसँग आमा बाबु वा अग्रज भिन्नभिन्न भाषामा बोल्ने गर्दछन् भने त्यस्तो बालक प्रारम्भदेखि नै द्विभाषिक बन्न सक्ने हुन्छ । द्विभाषिक वातावरणमा प्रयोग हुने दुई भाषामध्ये पहिलो भाषा कुन हो र दोस्रो भाषा कुन हो भन्ने ठम्याउन कठिनाइ पर्न सक्छ । उक्त दुईमध्ये बालक कुन भाषामा विस्तृत र व्यापक वातावरण पाउँछ त्यही भाषा उसले राम्ररी सिक्छ । वातावरण आवश्यकता अनुसार व्यापक रहेमा दुवै भाषा समानान्तर रूपमा सिक्न सक्ने पनि हुन्छ । त्यस स्थितिमा दुवै भाषा मातृभाषावत् वा पहिलो भाषासरह सिकिन सक्ने हुन्छ ( अधिकारी,२०६३ पृ. ३८) ।'

श्रीवास्तव (१९९२) का अनुसार कुनै बच्चा घरमा मिजो बोल्दछ स्कुलमा अङ्ग्रेजी तथा हिन्दीमा पढाइ हुन्छ, यस्तो बेलामा उसलाई विद्यालयमा समायोजन हुन निकै मुस्किल हुन्छ । किनकि उसले आफ्नो

भाषा प्रयोगको मौका पाएको हुँदैन । उदाहरणका लागि अरू कति बच्चाहरू घरमा गुजराती, मराठी या हिन्दी बोल्छन् तर स्कुलमा पढाइको माध्यम भने अङ्ग्रेजी छ भने यस्तोमा एकभन्दा बढी भाषाका सम्पर्कमा आउँछन् र विस्तारै विस्तारै एकापसका भाषामा एक स्तरको सम्प्रेषण कुशलता आर्जन गर्दै जान्छन् यस्तो बेलामा उनीहरूका बीच एक अर्काका भाषालाई सम्मान तथा स्वीकार गर्ने प्रवृत्ति विकास हुन्छ । यहीँबाट बहुभाषिकताको स्थिति पैदा हुन्छ (पृ.५३०) ।

यसरी दुवै विद्वान्का मतबाट प्रष्ट हुन्छ, बहुभाषा प्रयोग हुने समाजमा बालकको भाषिक पृष्ठभूमि नै बहुभाषी हुन्छ । यस लेखमा बहुभाषिकताको परिचय, नेपालको भाषिक अवस्था, भाषा नीति, बहुभाषिक कक्षा व्यवस्थापन, शिक्षा नीतिमा बहुभाषिकता संवोधनको ऐतिहासिकता, बहुभाषिक कक्षा शिक्षण, बहुभाषिक कक्षामा नेपाली भाषा शिक्षण र यसमा शैक्षिक सामग्रीको प्रयोग सम्बन्धी अभ्यास र प्रयोगहरूको सङ्क्षेपमा चर्चा गर्दै  निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

समस्या कथन

अनुसन्धानका निम्ति छनोट गरिएको अनुसन्धेय विषयवस्तु नै अनुसन्धानको प्रमुख समस्या हो । त्यसैले त्यही समस्याको समाधान गर्नतर्फ अनुसन्धान मुख्य रूपमा केन्द्रित भएको हुनुपर्दछ । प्रस्तुत अनुसन्धानमूलक लेखमा बहुभाषिकतालाई कसरी चिनाउन सकिन्छ, नेपालमा यसको ऐतिहासिकता कस्तो छ र बहुभाषिक कक्षामा कस्ता शिक्षण सामग्रीको उपयोग गर्न सकिन्छ भन्न प्रमुख प्रश्नहरूलाई मुख्य समस्याको रूपमा लिइएको छ ।

## उद्देश्य निर्माण

समस्या कथनमा प्रस्तुत गरिएको सममस्याको समाधान गर्नु नै प्रस्तुत लेखको मुख्य उद्देश्य हो । प्रस्तुत अनुसन्धानमूलक लेखको प्रमुख उद्देश्यका रूपमा बहुभाषिकतालाई चिनाउनु, नेपालमा यसको ऐतिहासिकता पर्गेल्नु र बहुभाषिक कक्षामा प्रयोग गरिने शिक्षण सामग्रीलाई स्पष्ट पार्नु रहेको छ । यही उद्देश्यलाई नै मुख्य विषयवस्तु मानी प्रस्तुत लेख तयार पारिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा गुणात्मक विधिलाई उपयोग गरिएको छ । यसका साथै पुस्तकालयीय अध्ययन प्रक्रिया तथा वर्णनात्मक अध्ययन पद्धतिलाई अवलम्बन गरी लेख तयार पारिएको छ । यस लेखमा द्वितीयक स्रोतहरू सन्दर्भ ग्रन्थ, लेखरचना तथा पुस्तकहरूबाट सामग्री सङ्कलन र विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## बहुभाषिकता

एकभन्दा बढी भाषा प्रयोग व्यवहार गर्न सकिने स्थितिलाई बहुभाषिकता भनिन्छ । आज विज्ञान र प्रविधिको विकाससँगै सिङ्गो विश्व एउटा विश्वग्राममा रूपान्तरित भएको छ । विभिन्न धर्म, संस्कृति, भाषा तथा भूगोलका मानिसहरूसँग कुनै न कुनै रूपमा अन्तरक्रिया भइरहेकै हुन्छ । यस अन्तरक्रियामा सहभागी हुन्न भनेर पनि सम्भव छैन र कुनै विशुद्ध एक भाषाका माध्यमबाट पनि त्यो सम्भव छैन । तसर्थ चाहेर वा नचाहेर एउटा व्यक्ति स्वभावैले बहुभाषिक हुनु पर्ने परिस्थिति पैदा हुन्छ । मातृभाषाकै समतुल्यमा अर्को भाषा सिकाइ हुनु सहज हुन्छ र तीमध्ये कुनै एक भाषा नै उसको विद्यालयका प्रारम्भिक सिकाइको पनि भाषा हुन सकेको खण्डमा बालकको सिकाइ प्रभावकारी हुन सक्छ तर उसको घरायसी भाषा र विद्यालयीय

(पठनपाठनको माध्यम) भाषा फरक भयो भने बालकको सिकाइ कठीन हुन जान्छ । यतिबेला प्रारम्भिक कक्षाहरूमा बालबालिकालाई शिक्षण गर्दा उसको मातृभाषाबाट प्रारम्भ गर्नु उपयुक्त ठानिन्छ। एउटै कक्षामा भिन्नभिन्न मातृभाषिक पृष्ठभूमिका विद्यार्थीहरू हुन सक्छन् । नेपालका प्रायः सबै विद्यालयका कक्षामा एकभन्दा बढी मातृभाषा भएका विद्यार्थी उपस्थित हुने अवस्था छ। एउटै कक्षामा उपस्थित भिन्नभिन्न भाषिक पृष्ठभूमिका विद्यार्थीहरूलाई उनीहरूकै मातृभाषाका माध्यमबाट सहजीकरण गरी कसरी शिक्षण गर्ने भन्ने सवाललाई नै बहुभाषिक कक्षाले संवोधन गर्न खोजेको हो ।

नेपाल सरकारले मातृभाषा र मातृभाषामा शिक्षासम्बन्धी नेपालको संविधान, शिक्षा ऐन २०२८, तथा शिक्षा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय पाठ्यक्रम प्रारूप, विद्यालय क्षेत्र विकास कार्यक्रम तथा चौधौं योजनामा समेत प्रतिबद्धता जाहेर गरिसकेको छ। आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि, बाल अधिकार सम्बन्धी अनुबन्ध, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, अल्पसङ्ख्यकको अधिकार सम्बन्धी घोषणापत्र, साथै मानवअधिकारको अन्तर्राष्ट्रिय घोषणापत्रमा प्रतिबद्धता जनाइसकेको छ । यस सन्दर्भमा सिकारुको भाषिक पृष्ठभूमिलाई बेवास्ता गरेर शिक्षालाई अघि बढाउन सकिने कुनै सम्भावना देखिँदैन ।

जब विद्यालयमा सिकारुको भाषिक पृष्ठभूमिलाई संवोधन गर्ने सवाल आउँछ, त्यतिबेला हाम्रा विद्यालयलाई तीन वर्गमा विभाजन गर्नुपर्ने देखिन्छ । पहिलो एकल मातृभाषी विद्यालय, जुन विद्यालयको सेवा क्षेत्रभित्र एकै मातृभाषी समुदायको मात्र बसोवास हुन्छ । दोस्रो भाषी विद्यालय जसमा विद्यालयको सेवा क्षेत्रभित्र दुईवटा भाषिक पृष्ठभूमिको समुदायको बसोवास छ, र तेस्रो बहुभाषी विद्यालय जहाँ विद्यालयको सेवाक्षेत्रभित्र दुईभन्दा बढी भाषिक समुदायको बसोवास छ। यो आधारमा हेर्दा पनि हाम्रा विद्यालयका प्रायः कक्षाहरूमा दुई वा सोभन्दा बढी भाषिक पृष्ठभूमिका बालबालिकाहरूको उपस्थिति रहने निश्चित छ। तसर्थ बहुभाषिक शिक्षण विद्यालयका प्रारम्भिक कक्षाहरूमा अपरिहार्य छ। भिन्न भिन्न मातृभाषिक पृष्ठभूमि भएका विद्यार्थीहरू उपस्थित कक्षामा उनीहरूको मातृभाषा मूलतः निम्नानुसार प्रयोजनमा प्रयोग हुन सक्छ :

(क) शिक्षणको पूर्ण माध्यमका रूपमा मातृभाषा र

(ख) आवश्यकता अनुसार मौखिक सहयोगका रूपमा मातृभाषा ।

उपर्युक्त दुई प्रयोजनमध्ये नेपालका सामुदायिक विद्यालयहरूमा नेपाली मातृभाषा हुनेहरूका हकमा शिक्षाको पूर्ण माध्यमका रूपमा मातृभाषा सम्भव रहेको देखिन्छ। नेपाली भाषा दोस्रो भाषाका रूपमा सिक्ने विद्यार्थीहरूका लागि भने कक्षामा आवश्यकतानुसार मौखिक रूपमा मात्र भए पनि मातृभाषाको प्रयोग गर्नु पर्ने स्थिति छ र यसैलाई बहुभाषिक कक्षाको अर्थमा लिइएको पाइन्छ ।

## नेपालको वर्तमान भाषिक अवस्था

भाषा जातिको परिचायक हो, पहिचान को मूल आधार हो । भाषा र भूमिको अन्त्य भयो भने पहिचानको पनि लगभग अन्त्य हुन्छ (तामाङ, २०६९, पृ.ग)। भाषा अभिव्यक्तिका माध्यम शब्दहरू हुन्, शब्द चयन आवश्यकता अनुसार गरिन्छ । आफ्नो मातृभाषामा ती नभए कहिल्यै फिर्ता गर्नु नपर्ने सापट शब्द (Loan Word) भनिने शब्दहरूको प्रयोग हुन्छ । जस्तैः अङ्ग्रेजीको Bucket तथा Lantern लाई नेपालीमा बाल्टिन र लाल्टिन भनिन्छ (गुरुङ, सन् २०१७, पृ. १२६) । यसरी हेर्दा मानिस आफ्नो भाव अभिव्यक्त गर्न भाषाको सहारा लिन्छ, भाषा शब्दबाट अभिव्यक्त हुन्छ । विद्यमान शब्दहरूले भाव अभिव्यक्त नभए उसले

छिमेकी भाषाबाट सापट लिन्छ वा नयाँ शब्दको निर्माण गर्छ भन्ने प्रस्ट हुन्छ । नेपालमा अहिलेसम्म भारोपेली, भोट चिनियाँ, आग्नेली, द्रविडेली र एकल परिवारको कुसुण्डा भाषा गरी पाँचवटा भाषा परिवारका भाषाहरू रहेको पाइन्छ (भण्डारी र पोखेल, २०७२, पृ. ६५) । यसमा वक्ता सङ्ख्याका हिसावले भारोपेली भाषा बोल्ने वक्ता सबैभन्दा बढी छन् भने भोट चिनियाँ परिवारको भाषा सङ्ख्या सबै भन्दा धेरै छ । भाषिक सर्वेक्षणकै उद्देश्य राखेर वक्ताको गणना हालसम्म हुन सकेको छैन । जनगणनाका सिलसिलामा सोधिएका भाषासम्बन्धी प्रश्नावलीका आधारमा प्राप्त तथ्याङ्कलाई नै प्रमुख स्रोत मान्नु पर्ने स्थिति छ । हरेक जनगणनाका प्रतिवेदनमा भाषा सङ्ख्यासम्बन्धी देखिने गरेको उत्तारचढाव हेर्दा पनि तथ्याङ्कको विश्वसनीयता माथि उठाइएका प्रश्नहरूलाई नै बल पुऱ्याएको देखिन्छ । यद्यपि नेपाल बहुभाषिक देश भएको यथार्थ सामाजिक रूपमा स्वीकार्य रहेको छ र हाल आएर राज्यले आफ्नो मूल कानुन संविधानमा समेत स्वीकार गरिसकेको छ ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ (पृ.१) भने भाग एक धारा ६ ले नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भनेको छ (पृ.२) । यसैगरी भाग ३ मौलिक हक अन्तर्गत धारा १८ मा समानताको हक उल्लेख गरिएको छ । यसको उपधारा ३ मा राज्यले नागरिकका बीच उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग शारीरिक अवस्था, भाषा वा क्षेत्र आदिका आधारमा भेदभाव गरिने छैन भनी स्पष्ट उल्लेख गरेको छ ।

माथिका संवैधानिक व्यवस्थाले र भाषिक यथार्थको चर्चाले स्पष्ट हुन्छ नेपालमा भाषिक विविधता छ र सबै भाषाको समान महत्त्व छ । विद्यमान संविधानले भाषिक रूपमा अपूर्व न्याय सुनिश्चित गरेको छ ।

## नेपालको वर्तमान भाषा नीति

नेपालमा राज्यको व्यवस्थित भाषा नीति निर्माणको इतिहास धेरै लामो छैन । पुराना ग्रन्थ अभिलेख शिला तथा ताम्रपत्रहरूमा प्रयुक्त भाषाका आधारमा त्यतिवेलाको राज्यद्वारा प्रोत्साहित भाषा बारे जानकारी लिन सकिन्छ । लिच्छवीहरू संस्कृतलाई राजभाषा मान्दथे, मल्लकालमा संस्कृत र मैथिली भाषाले समान महत्त्व पाएको थियो, बाह्रौं शताब्दीताका पश्चिम नेपालमा नेपाली र काठमाडौँमा नेवारी भाषा प्रचलनमा थियो । पाल्पादेखि टिस्टासम्मका सेनवंशी राजाहरू मैथिली भाषा प्रयोग व्यवहार गर्थे भन्ने अभिलेखका आधार मा जानकारी पाइन्छ (पोखेल पृ. २४) ।

आधुनिक नेपालको निर्माणसँगै नेपाली भाषाले साझा सम्पर्क र सरकारी कामकाजको भाषाको रूपमा मान्यता पायो । २००७ सालको क्रान्तिपछि भाषा सम्बन्धी बाहिरी विद्वान्हरूका मत सुनिन थालिए । संविधानले नै भाषिक पक्ष समेटेको भने नेपालको संविधान २०१५ देखि हो । यसमा नेपालको राष्ट्रभाषा नेपाली हो भन्ने उल्लेख छ । पञ्चायतद्वारा जारी संविधान २०१९ मा नेपाली नागरिकता लिन नेपाली भाषा जान्नु पर्ने प्रावधान राखिएको पाइन्छ । यसले राज्यको एकभाषिक नीतिलाई पुष्टि गर्दछ ।

२०४६ को जनान्दोलनको उपलब्धि स्वरूप प्राप्त, नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाल बहुभाषिक देश हो भन्ने यथार्थ स्वीकार गरेको छ । उक्त संविधानले नेपाली भाषा नेपालको राष्ट्रभाषा हुने

स्पष्ट किटान गरी नेपालमा बोलिने अन्य सबै भाषालाई राष्ट्रिय भाषाको दर्जा दिएको थियो । नेपालको अन्तरिम संविधानले नेपालमा बोलिने सबै भाषाहरूलाई राष्ट्रभाषा हुन् भन्दै सम्पूर्ण भाषालाई समान महत्त्व दिने नीति अख्तियार गरेको थियो । नेपालको संविधान २०७२ ले पनि सोही व्यवस्थालाई निरन्तरता दिएको छ ।

२०७२ को संवैधानिक व्यवस्था अनुरूप देश सङ्घीय र प्रादेशिक संरचनामा गएको छ । प्रादेशिक भाषिक विशेषता र आवश्यकता अनुरूप प्रदेश सरकारले लिने भाषिक नीतिका सन्दर्भमा र नयाँ संरचना अनुरूप राज्यले अपनाउनु पर्ने भाषिक नीतिका सम्बन्धमा भाषा आयोगको सिफारिस अनुरूप हुने संवैधानिक व्यवस्था छ ।

## नेपालका शिक्षा नीतिमा भाषा

राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले प्रजातन्त्र अनुरूप नेपाली जीवन र संस्कृतिको जगउपर नेपालको शिक्षा पद्धति हुनुपर्ने कुरामा जोड दिएको छ । यस प्रतिवेदनका सिफारिसमा शिक्षक र विद्यार्थी पछि शैक्षिक साधनहरूलाई तेस्रो महत्त्वपूर्ण कुरा मानिएको छ । शिक्षाशास्त्र अध्ययन संस्थान, जनक शिक्षा सामग्री केन्द्र जस्ता संस्थाहरूको स्थापनाका लागि महत्त्वपूर्ण आधार बनेको यो प्रतिवेदन शिक्षाको भाषाका सम्बन्धमा भने मौन देखिन्छ ।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ ले शिक्षालाई अति केन्द्रीकृत गर्न सिफारिस गरेको देखिन्छ । देशमा एकै किसिमको शिक्षा पद्धति लागु गर्ने तथा शिक्षाको माध्यम (भाषा) एउटै हुने भन्ने सिफारिस गरेको यो प्रतिवेदन हेर्दा राज्यको एकात्मक चरित्रकै प्रतिविम्ब शिक्षामा पनि झल्किएको देखिन्छ । त्यसअघि विदेशी लेखकहरूबाट पाठ्यपुस्तक लेखाइने गरिएको सन्दर्भमा अवदेखि यथासक्य नेपाली नागरिकद्वारा लेखाइने र अधिराज्यभर एकै किसिमको पाठ्यपुस्तक हुनुपर्ने सिफारिस गरिएको देखिन्छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-०३२ पनि राज्यको एकभाषिक नीतिकै प्रतिविम्ब स्वरूप रहेको देखिन्छ । यसले गरेको प्राथमिक शिक्षासम्बन्धी सिफारिसमा बालबालिकालाई साक्षर बनाई नेपाली भाषाको ज्ञान र सीपको विकास गराउनमा जोड दिने भन्ने उल्लेख छ । यस योजनाले नेपालको बहुभाषिक यथार्थलाई बेवास्ता गरेको देखिन्छ । यसले दुर्गम क्षेत्रका र विपन्न बालबालिकालाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउन सिफारिस गरेको देखिन्छ । पूर्ववर्ती सिफारिस र योजनाका तुलनामा वैज्ञानिक देखिएको यस आयोजनामा बहुआयामिक विषयवस्तु समेटिएका छन् । राष्ट्रिय शिक्षा समिति, शिक्षण विधि, पाठ्यपुस्तक, शिक्षक तालिम, शिक्षकको सेवा सर्तमा सुधार, परीक्षा, शिक्षा प्रशासन, निरीक्षण, वित्तीय नीति, अतिरिक्त क्रियाकलाप, भौतिक साधनहरू, राष्ट्रिय विकास सेवा तथा छात्रवृत्तिको समेत व्यवस्था सिफारिस गरिएको छ । यसमा शिक्षण विधिअन्तर्गत शिक्षण तरिकामा सुधार गर्ने, प्रत्येक विषयमा शिक्षण सुधार र अनुसन्धान गर्ने योजना गरिनेछ, भनिएको छ । उक्त योजनाद्वारा वैज्ञानिक ढङ्गले पढाउने तरिकाको अध्ययन, अनुसन्धान प्रयोग गरिनेछ, आवश्यक शैक्षिक सामग्री निर्माण, तालिम र जाँच आदि गरिनेछ, भन्दै शैक्षिक सामग्रीको महत्त्वमा जोड दिइएको देखिन्छ (अधिकारी, २०७२, पृ. २०२) ।

प्रजातन्त्रको पुनर्वहाली २०४६ पछि प्रजातन्त्रअनुरूप निर्माण गरिएको नेपाल अधिराज्यको संविधान २०४७ ले नेपालको बहुभाषिक अवस्थालाई पहिलो पटक संवोधन गरेको थियो । सो संविधान अनुरूप शिक्षा व्यवस्था गर्न बनेको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले पहिलोचोटि संविधानको मर्म अनुकूल शिक्षामा समेत बहुभाषिकताको यथार्थलाई अङ्गिकार गरेको देखिन्छ । यस आयोगले राज्यले अवलम्बन

गर्नुपर्ने नीति भनी गरिएको सिफारिसमा विभिन्न भाषाभाषीका आकांक्षालाई ध्यानमा राखी, प्राथमिक शिक्षाको व्यवस्था गरिनुपर्ने कुरा उल्लेख गरेको छ । यसैको अर्को बुँदामा, राष्ट्रिय भाषा र सरकारी कामकाजको भाषाका रूपमा नेपली भाषाको प्रयोगलाई ध्यानमा राखी, उच्च तहको शिक्षा राष्ट्र भाषामा दिने कुरा उल्लेख गरिएको छ । जे होस् प्रजातन्त्रको प्राप्तिसँगै नेपालको भाषिक विविधतापूर्ण यथार्थलाई संविधानले स्वीकार गरेको र सोही संविधानको मार्गदर्शनमा शिक्षा नीति तय गर्न सिफारिस गरिएको देखिन्छ । यस प्रतिवेदनमा शिक्षण सामग्रीको सन्दर्भमा भने समष्टि सिफारिस समाविष्ट छ । जहाँ एउटा बुँदा यस्तो छ : *पाठ्यक्रम पाठ्यपुस्तक तथा सहायक सामग्रीको स्तर निर्धारण गर्ने कार्य सम्बन्धित विषय समिति मार्फत गराइनुपर्ने ।*

यसरी हेर्दा यस प्रतिवेदनले पूर्ववर्ती आयोगका सिफारिसका तुलनामा बहुभाषिक यथार्थलाई स्पष्टता दिन खोजेको भए तापनि शिक्षण सामग्रीका सम्बन्धमा मोटो सिफारिसमा मात्र सीमित भएको देखिन्छ ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०७५ को प्रतिवेदनमा शिक्षामा मातृभाषाको महत्त्वमाथि जोड दिदै भनिएको छ :

> बालबालिकाले घरमा बोल्ने भाषा विद्यालयमा पनि बोल्न पाउनु पर्छ। मातृभाषाले गर्दा नै शिक्षामा गुणस्तर आउँछ । शिक्षक र विद्यार्थी बीचको सम्बन्ध राम्रो हुन्छ । स्कुल छाड्नेको सङ्ख्या घट्छ । अन्ततः भाषाका माध्यमबाट सांस्कृतिक पक्षहरू बुझ्न सजिलो भई भाषिक सक्षमता विकास हुन्छ । विद्यालयमा भर्ना भएपछि बालबालिकाहरू आफ्ना वरिपरिका सम्पर्कमा आइरहने वस्तुहरू देखेर वा छोएर अनुभूति गर्न सक्ने र नमुना हेरेर स्पष्ट हुनसक्ने, ठोस चिज र वस्तुका बारेमा कुराकानी गर्ने जस्ता कार्यहरू गर्न थाल्दछन् । सुरुसुरुमा उनीहरू आफ्नै मौलिक लवजमा बोल्न थाल्दछन् । बालबालिकामा आफ्ना मातृभाषाका व्याकरणका सामान्य जानकारीका साथै ठोस वस्तुहरूको सामान्य शव्दभण्डार पनि हुन्छ। उनीहरूले सहज रूपमा मातृभाषामा आफ्ना आधारभूत आवश्यकता बारे ब्याख्या गर्न सक्छन् र आपसी सञ्चार पनि सहजै गर्न सक्छन् (पृ.२०२) ।

यसरी हेर्दा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापनासँगै नेपालमा संवैधानिक रूपमै भाषिक विविधताको संवोधन भएको पाइन्छ । यस सँगसँगै नेपाली समाजको भाषिक विविधता विद्यालयका कक्षा कोठाको मुद्दा बनेको र शिक्षासम्बन्धी पछिल्ला प्रतिवेदन तथा नीतिहरूले यस सवाललाई गम्भीर रूपमा मार्गदर्शन गर्ने गरेको पाइन्छ ।

## बहुभाषिक कक्षाको औचित्य

विद्यार्थीको मातृभाषा र विद्यालय शिक्षाको भाषा समान नहुन सक्छ। यस्तो परिस्थितिमा विद्यार्थीका लागि सिकाइ प्रक्रिया जटिल र चुनौतिपूर्ण हुन जान्छ । नेपाली समाज बहुभाषिक समाज हो । पाँच भाषा परिवारका १२३ भाषा अस्तित्वमा रहेको नेपालमा एक लाखभन्दा बढी वक्ता सङ्ख्या भएका १४ भाषाहरू छन् । विद्यालयको एउटै कक्षाकोठामा एकभन्दा बढी मातृभाषा भएका विद्यार्थीहरू पढ्दछन् । लक्षित विषयको पठनपाठनको भाषा उनीहरूको मातृभाषाभन्दा फरक हुन सक्छ यस्तो अवस्थामा उनीहरूको मातृभाषाको सहारा लिई शिक्षण सहजीकरण गर्न सके कक्षा सुरुचिपूर्ण र प्रभावकारी हुन सक्दछ। यसका अतिरिक्त कक्षामा प्रभावकारी रूपमा बहुभाषाको सहयोगका साथ पठनपाठन सञ्चालन हुन सकेमा अन्तरमातृभाषी समुदायका बालबालिका बीच भावनात्मक मित्रता बढ्न जान्छ र आपसमा सहकार्यात्मक सिकाइको बानी बन्न जान्छ । यसर्थ बहुभाषिक कक्षा निकै उपयोगी र औचित्यपूर्ण हुने निश्चित छ ।

## बहुभाषिक कक्षामा नेपाली शिक्षण

नेपालका सबै भाषाहरूले संविधानतः राष्ट्र भाषाको मान्यता प्राप्त गरेका छन् । सामाजिक न्यायको सिद्धान्त अनुसार राज्यभित्र जनताले बोल्ने सबै भाषालाई समान महत्त्व प्रदान गर्नु, ती भाषाको संरक्षण, सम्बर्द्धन र विस्तारको प्रयत्न गर्नु राज्यको दायित्त्व हो । तथापि भाषिक यथार्थ र प्रयोगगत व्यवहारिकताका दृष्टिले नेपाली भाषा सरकारी कामकाजको भाषा तोकिएको छ । यस भाषाको शक्ति र सामर्थ्यका कारण यो स्वभाविक पनि छ । यसरी हेर्दा ४४.६३ प्रतिशत नेपालीहरूको मातृभाषा (राष्ट्रिय जनगणना २०६८) र लगभग सबै नेपालीको साझा सम्पर्क भाषा नेपाली हुनुका कारण नेपाली इतर मातृभाषा भएकाहरूका हकमा दोस्रो भाषाका रूपमा नेपाली सिक्नु अनिवार्य नै भएको छ । बहुभाषिक मिश्रित समाजका कारण नेपालका अधिकांश विद्यालयहरूमा बहुभाषिक उपस्थिति कुनै अपवाद नभएर यथार्थ भएको छ र प्रभावकारी बहुभाषिक शिक्षण आदर्श भएको छ। जुनसुकै विषयको शिक्षक किन नहोस् आफूले पढाउने विषय विद्यार्थीलाई ज्ञान तथा सीपका रूपमा हस्तान्तरण गर्न भाषा त प्रयोग गर्ने पर्छ । यसरी भाषाका माध्यमबाट शिक्षण गर्दा सिकारुको मातृभाषिक पृष्ठभूमि पत्ता लगाई सम्भव भएसम्म उनीहरूको मातृभाषाको सहाराले बुझाउन प्रयास गर्नु प्रभावकारी हुन्छ । अझ नेपाली भाषा त भाषिक सीपकै लागि अध्यापन गरिने भएकाले यसमा सिकारुका पहिलो भाषाका विशेषता र प्रभावले गर्दा नेपाली भाषा प्रयोगमा हुने फरकपनका क्षेत्र पहिचान गर्नै पर्छ । एउटा कक्षामा भिन्न भिन्न मातृभाषिक समुदायका विद्यार्थी हुने हुँदा तिनका विशेषता र प्रयोगगत फरक क्षेत्र पनि भिन्न हुन सक्छन् । तसर्थ बहुभाषिक कक्षामा नेपाली शिक्षण गर्दा शिक्षक निकै चनाखो हुनु आवश्यक छ।

भाषा शिक्षक वा जुनसुकै विषय शिक्षक, पाठ्यक्रम निर्माता र पाठ्यपुस्तक लेखक जो कसैले पनि आफूसम्बद्ध समाज र परिवेशमा सामाजिक विविधतालाई कसरी बुझ्न सकिन्छ, सामाजिक विविधताका पक्षहरू के के हुन्, के-कस्ता कारणले र कसरी सामाजिक विविधताको सिर्जना हुन्छ, भाषा शिक्षणमा सामाजिक विविधता पहिचान गर्नु किन आवश्यक छ, विविधतापूर्ण सामाजिक परिवेशलाई कसरी सामाजीकरण गर्न सकिन्छ ? जस्ता प्रश्नमा आधारित भई समाधान खोज्नु पर्दछ ।

यस्ता प्रश्नमा केन्द्रित भई विचार विमर्श गर्दा हरेक समाजमा आर्थिक हैसियत तथा सामाजिक हैसियत, लैङ्गिक, जातिगत, भाषिक, धार्मिक सांस्कृतिक र मूल्य मान्यतागत आदि आधारमा विविधता दे खा पर्दछन् । समाजमा हुने यस्ता विभिन्न पक्षबाट प्रभावित बालबालिका देशका भोलिका जिम्मेवार नागरिक हुन् । समाज र राज्य संयन्त्रले असल संरचना निर्माण गर्ने र प्रकार्यका लागि पारिभाषित भूमिका पाएकाहरू र सचेत समुदायका नागरिक तथा सरोकारवालाहरूको इमान्दार र जिम्मेवारीपूर्ण पहल हुने हो भने सबैलाई सही बाटोमा डोऱ्याई देश र समाजका लागि आवश्यक जनशक्ति निर्माण गर्न सकिन्छ । यही अवधारणाका कारण आधुनिक लोकतन्त्रको विकाससँगै संसारमा समाहित र समावेशी शिक्षाको अवधारणा आएको छ । विद्यार्थीको पारिवारिक, धार्मिक, आर्थिक, सामाजिक, सांस्कृतिक र भाषिक परिवेश बुझी सोही अनुसार शिक्षणमा सहजीकरण गर्न, विद्यार्थीको पृष्ठभूमिका कारणले पार्ने असरलाई कम गर्न र मनोवैज्ञानिक किसिमले निराकरण प्रक्रिया अपनाई शैक्षिक स्तर बढाउन, सबै विद्यार्थीहरूलाई एकापसको भाषा, धर्म, संस्कृति परम्परा आदिलाई आदर गर्ने भावना बढाउन, जातजाति, पेसा, वर्ग लगायत समाजका सबै पक्षप्रति सहअस्तित्व र सम्मानको भावना जागृत गराउन, फरक क्षमताका बालबालिकामा उनीहरूको क्षमता पहिचान गराई आत्मविश्वास विकास गराउन, मातृभाषाले लक्ष्य भाषाको सिकाइमा पार्ने असर पहिल्याई निराकरणका उपाय अपनाउन, सद्भाव र सहकार्यको भावना विकास गराउन तथा बीचैमा पढाइ छाड्ने कारण पत्ता लगाई त्यस क्रमलाई

घटाउने कुरामा लागि कक्षामा विविधताको संवोधन अपरिहार्य हुन जान्छ । समाजका विविधताका पक्ष र ती विविधता पहिचान गर्नु पर्ने कारणहरूका सम्बन्धमा चर्चा गर्दा भाषिक पक्ष निकै महत्त्वपूर्ण पक्षका रूपमा आएको देखिन्छ । यसले पनि स्पष्ट हुन्छः समाजको बहुभाषिक स्थिति कक्षाकोठामा पनि प्रतिबिम्बित हुन्छ र सो वास्तविकतालाई न्यायोचित ढङ्गले सम्बोधन गर्नु पर्दछ । यसै कारण कक्षामा बहभाषिकता सम्वोधन गरी शिक्षण गर्नुपर्ने अवधारणा आएको हो ।

## भाषिक कक्षा र शिक्षण सामग्री

भाषा शिक्षण गर्दा शिक्षणलाई सरल, सहज र प्रभावकारी बनाउन उपयोगमा ल्याइने सामग्रीहरू नै शिक्षण सामग्रीहरू हुन् । यस्ता सामग्रीको निर्माण तथा सङ्कलन शिक्षक आफैँले वा आवश्यकता अनुसार विद्यालयको सहयोगमा गर्न सक्छन् । पाठ्यवस्तु तथा निर्धारित उद्देश्य अनुरूप दृश्य, श्रव्य, श्रव्यदृश्य आदि जस्तासुकै सामग्रीहरू प्रयोगमा ल्याउन सकिन्छ । सामग्रीको उपलब्धतासँगै शिक्षण क्रियाकलापका सिलसिलामा तिनको उद्देश्योन्मुख र प्रभावकारी प्रयोग हुनु पनि अपरिहार्य छ । विद्यालयको आधारभूत तहमा भाषा शिक्षण गर्नु भनेको मूलतः भाषाका बोध र अभिव्यक्तिसँग सम्बन्धित सीपहरूको शिक्षण हो । तसर्थ अभ्यास तथा पुनरावृत्तिमा जोड दिई विद्यार्थी केन्द्रित विधि अपनाई भाषा शिक्षण गर्नु पर्ने हुन्छ ।

## बहुभाषी कक्षामा उपयुक्त हुने शैक्षिक सामग्री

बहुभाषिक कक्षामा शिक्षण गर्न विभिन्न शैक्षिक रणनीति अपनाउन सकिन्छ । शैक्षिक रणनीति अनुरूप शिक्षण सामग्री प्रयोग गर्न सकिन्छ । शिक्षकले शिक्षण रणनीति तय गर्नु पूर्व नै निम्न कुराहरूबारे सोच्नु पर्ने हुन्छ :

क) मेरो कक्षामा के कस्ता चुनौतीहरू छन् ?

ख) आफ्नो र सिकारुका बीच भाषा सम्प्रेषणमा के कस्ता समस्या छन् ?

ग) आ-आफ्ना भाषाका कारण आपसमा कस्तो प्रभाव परेको छ ?

घ) यसले कक्षामा आपसी अन्तरसम्बन्धमा कस्तो प्रभाव परेको छ ?

ङ) मैले ज्ञान, धारणा, सीप सम्प्रेषण गर्न विद्यार्थीलाई सहज हुने भाषा प्रयोग गर्न सक्छु ?

माथिका प्रश्नमाथि मन्थन गर्दा कक्षामा उपस्थित विद्यार्थीलाई सहजीकरण गर्न सक्ने गरी मातृभाषाका केही आधार शब्दावली आफूसँग हुनुपर्ने र तिनको प्रयोग गर्न सक्ने स्थिति बनाउँदा शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ ।

बहुभाषिक कक्षामा सिकारुकै सक्रिय भूमिका अपेक्षित हुन्छ । विद्यार्थीको सो सक्रिय भूमिकाका लागि सहजीकरण गरिदिने सहजकर्ता शिक्षक हुन् । शिक्षण प्रक्रिया मनोरञ्जनात्मक र बालमैत्रीपूर्ण हुनुपर्दछ । कक्षामा अधिकतम् शिक्षण सामग्रीको प्रयोग गर्नुपर्दछ । कक्षामा पहिला भाषा सर्वेक्षण गर्न सकिन्छ। त्यसका लागि धेरै जटिल प्रक्रिया अपनाउनु पनि पर्दैन। खालि तिमीहरूलाई कुन भाषामा बोल्न र लेख्न मन पर्छ ? भनेर विद्यार्थीलाई नै सोधेमा विद्यार्थीहरूबाटै जवाफ आइहाल्छ। विद्यार्थीबाट प्राप्त जवाफका आधारमा भाषागत समूह सूची बनाई भित्तामा टाँस्न सकिन्छ। त्यसो गर्दा भाषा शिक्षणका सिलसिलामा भाषागत समूह छुट्याई आवश्यकता अनुसार बहुवर्ग शिक्षण पनि गर्न सकिन्छ। विद्यार्थीलाई हरेक भेटमा आपसमा आफ्नै भाषामा अभिवादन र आफ्नै भाषामा विदाइ भन्न लगाउँदा ती शब्दबारे एकापसमा जानकारी हुन्छ। धन्यवाद, माफ गर, म खुसी छु जस्ता अधिक प्रयोगका शब्दहरू आपसमा प्रयोग गर्न लगाउन सकिन्छ। सम्भव भए

विद्यार्थी तथा अभिभावकको संलग्नतामा बहुभाषिक शब्द सूची बनाई भित्तामा टाँस्न सकिन्छ । यसका लागि कक्षा क्रियाकलापबाटै कार्य गर्न सकिन्छ । माथि भनेझैँ भाषा सर्वेक्षण सूची अनुरूपका विद्यार्थीलाई कक्षाभित्र र बाहिर देखिएका वस्तुहरूको नाम भन्न लगाउन सकिन्छ, जस्तैः स्कुल, घर, पार्क, शरीरका अङ्ग, जनावर आदिका नाम भन्न लगाई उनीहरूका भाषा अनुसारको सूची बनाउने र अन्त्यमा लक्ष्य भाषाको समेत सूची बनाउने, यसो गर्दा विद्यार्थीकै संलग्नतामा सो कक्षा अनुरूपको बहुभाषिक सानो शब्दकोश तयार हुन्छ । यसरी हेर्दा प्रभावकारी शिक्षण कौशल रहेको खण्डमा शैक्षिक सामग्री कक्षा शिक्षणकै क्रममा पनि तयार हुन सक्दछ ।

भाषानुवाद भन्दा पनि आफ्नै भाषामा बुझाउने प्रयास गर्दा बहुभाषिक कक्षा बढी प्रभावकारी हुन सक्छ । तसर्थ आफ्नै भाषामा बुझ्ने स्थिति बनाउन भने सिकारुलाई चित्र, चलचित्र, डकुमेन्ट्री जस्ता दृश्य सामग्रीहरू देखाइ उसलाई आफ्नै भाषामा वर्णन गर्न लगाउने, वर्णित भाषालाई लक्ष्य भाषामा रूपान्तरण गरी प्रस्तुत गर्ने कुनै विद्यार्थी भए उसलाई प्रोत्साहित गरी प्रस्तुत गर्न लगाउने गर्न सकिन्छ । यसरी हेर्दा बनिबनाउ शैक्षिक सामग्री जति नै उपलब्ध भए पनि शिक्षकमा उपयुक्त शिक्षण कौशल भएन भने सो उपलब्धि विहीन हुन जान्छ । तसर्थ शिक्षण सामग्रीलाई उपयुक्त शिक्षण क्रियाकलाप बीच उपयोग गरिनु पर्छ । शैक्षिक सामग्री तोकिएको पाठ्यवस्तु र निर्धारित उद्देश्य अनुरूप हुनुपर्दछ । बहुभाषिक कक्षामा दृश्य सामग्रीहरू बढी उपयोगी हुन्छन् ।

## निष्कर्ष

एकभन्दा बढी भाषा प्रयोग व्यवहार गर्न सकिने स्थितिलाई बहुभाषिकता भनिन्छ । विभिन्न धर्म, संस्कृति, भाषा तथा भूगोलका मानिसहरूसँग कुनै न कुनै रूपमा अन्तरक्रिया भइरहेकै हुन्छ । एउटा व्यक्ति स्वभावैले बहुभाषिक हुनु पर्ने परिस्थिति पैदा हुन्छ । मातृभाषाकै समतुल्यमा अर्को भाषा सिकाइ हुनु सहज हुन्छ र तीमध्ये कुनै एक भाषा नै उसको विद्यालयका प्रारम्भिक सिकाइको पनि भाषा हुन सकेको खण्डमा बालकको सिकाइ प्रभावकारी हुन सक्छ, तर उसको घरायसी भाषा र विद्यालयीय (पठनपाठनको माध्यम) भाषा फरक भयो भने बालकको सिकाइ कठीन हुन जान्छ । यतिबेला प्रारम्भिक कक्षाहरूमा बालबालिकालाई शिक्षण गर्दा उसको मातृभाषाबाट प्रारम्भ गर्नु उपयुक्त ठानिन्छ । एउटै कक्षामा भिन्न भिन्न मातृभाषिक पृष्ठभूमिका विद्यार्थीहरू हुन सक्छन् । विद्यार्थीहरूलाई उनीहरूकै मातृभाषाका माध्यमबाट सहजीकरण गरी शिक्षण गर्ने भन्ने सवाललाई बहुभाषिक कक्षाले संवोधन गर्न खोजेको हो । बहुभाषिक शिक्षण विद्यालयका प्रारम्भिक कक्षाहरूमा अपरिहार्य छ ।

नेपालका सामुदायिक विद्यालयहरूमा नेपाली मातृभाषा हुनेहरूका हकमा शिक्षाको पूर्ण माध्यमका रूपमा मातृभाषा सम्भव रहेको देखिन्छ । नेपाली भाषा दोस्रो भाषाका रूपमा सिक्ने विद्यार्थीहरूका लागि भने आवश्यकतानुसार मौखिक मात्र भए पनि मातृभाषाको प्रयोग गरी शिक्षण सहजीकरण गरिदिनु पर्ने स्थिति छ र यहाँ यसैलाई बहुभाषी कक्षाको अर्थमा लिइएको हो ।

भाषा शिक्षण गर्दा शिक्षणलाई सरल, सहज र प्रभावकारी बनाउन उपयोगमा ल्याइने सामग्रीहरू नै शिक्षण सामग्रीहरू हुन् । यस्ता सामग्रीको निर्माण तथा सङ्कलन शिक्षक आफैँले वा आवश्यकता अनुसार विद्यालयको सहयोगमा पनि गर्न सक्छन् । पाठ्यवस्तु तथा निर्धारित उद्देश्य अनुरूप दृश्य, श्रव्य, श्रव्यदृश्य आदि जस्तासुकै सामग्रीहरू प्रयोगमा ल्याउन सकिन्छ तर प्रारम्भिक तहको बहुभाषिक कक्षामा दृश्य सामग्रीको प्रयोग बढी प्रभावकारी हुन्छ । शिक्षण सामग्रीको उपलब्धतासँगै शिक्षण क्रियाकलापका सिलसिलामा तिनको उद्देश्योन्मुख र प्रभावकारी प्रयोग हुनु पनि अपरिहार्य छ । विद्यालयको आधारभूत तहमा मूलतः भाषा शिक्षण

गर्नु भनेको भाषाका बोध र अभिव्यक्तिसँग सम्बन्धित सीपहरूको शिक्षण गर्नु हो । तसर्थ उपयुक्त शिक्षण सामग्रीका साथै अभ्यास तथा पुनरावृत्तिमा जोड दिई विद्यार्थी केन्द्रित विधि अपनाई भाषा शिक्षण गर्दा उपलब्धिपूर्ण हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०७३), भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद, (२०७३), शिक्षाशास्त्र र नेपालमा शिक्षा, काठमाडौँ: आशिष बुक हाउस प्रा.लि. ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन , २०७५

गुरुङ, हर्क, (सन् २०१७), विषय विविध, काठमाडौँ : हिमाल किताव ।

ढकाल, शान्तिप्रसाद, (२०७१), नेपाली भाषा शिक्षण, परिचय र प्रयोग, काठमाडौँ : शुभकामना प्रकाशन ।

नेपाली भाषा शिक्षण, सक्षमतामा आधारित निम्न माध्यमिक तथा माध्यमिक शिक्षक तालिम पाँच महिने दोस्रो मोड्युल स्वाध्ययन सामग्री, काठमाडौँ : शैक्षिक जनशक्ति विकास केन्द्र ।

नेपालको संविधान २०७२, काठमाडौँ : कानुन किताव व्यवस्था समिति ।

नेपालको अन्तरिम संविधान २०६३, काठमाडौँ : कानुन किताव व्यवस्था समिति ।

भण्डारी, पारसमणि र पोखरेल, केशवराज (२०७२), ऐतिहासिक भाषाविज्ञान र नेपाली भाषा, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

यादव, योगेन्द्रप्रसाद, अधिकारी, कुमार र राई माया (२०७३), शिक्षणको माध्यम र शिक्षाका भाषाहरू, नेपालमा शिक्षाका नीति योजना र अभ्यासका लागि अबको बाटो, (सम्पा.) काठमाडौँ : यु. एस.ए. आइ. डी., शिक्षा बिभाग ।

योन्जन-तामाङ, अमृत, (२०६९), बहुभाषिक शिक्षाका कुरा, टोकियो : तामाङ समाज ।

शर्मा, गोपीनाथ (२०६०), नेपालमा शिक्षाको इतिहास् भाग १ र २, काठमाडौँ : मकालु बुक्स ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७१), शिक्षकको पेशागत विकास कार्यक्रम, नमूना टिपिडी मोड्युल सामग्री, भक्तपुर : स्वयम् ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३), नेपाली भाषा शिक्षण सक्षमतामा आधारित निम्न माध्यमिक तथा माध्यमिक एक महिने तालिम मोड्युल, प्रशिक्षक निर्देशिका, भक्तपुर : स्वयम् ।

श्रीवास्तव, रवीन्द्रनाथ (१९९२) भाषा शिक्षण, दिल्ली : वाणी प्रकाशन ।

http://creativecommons.org/licences/by-sa/3.0



**लेखक**

***हेरम्बराज बास्तोला**, महेन्द्र रत्न क्याम्पस ताहाचलमा अध्यापनरत छन् । उनले नेपाली शिक्षामा स्नातकोत्तर गरेका छन् । बिभिन्न जर्नल तथा पत्रपत्रिकाहरूमा उनका लेख रचनाहरू प्रकाशित भएका छन् । हाल विद्यावारिधी अध्ययनरत रहेका उनको रुची क्षेत्र बहुभाषिक कक्षा शिक्षण हो ।*